नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
आर्थिक प्रशासन शाखा

9/2

पान नं. २०१३६७०५२

फोनः ०१४२६२७०६

पत्र संख्याः २०८१।८२

रामशाहपथ,

चलानी नं. 290

काठमाडौं, नेपाल।

मितिः २०८१।११।२५

नेपाल सम्वत ११४५

**विषयः –निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा।**

श्रीमान् महाशाखा प्रमुखज्यूहरु, स्वास्थ्य तथा जनसख्या मन्त्रालय.
श्रीमान् विभागीय प्रमुखज्यूहरु, स्वास्थ्य सेवा विभाग आयूर्वेदद तथा वैकल्पिक चिकित्सा विभाग र औषधी व्यवस्था विभाग,
मन्त्रालय अन्तर्गतका प्रतिष्ठानहरुका श्रीमान् प्रशासकीय प्रमुखज्यूहरु,
मन्त्रालय अन्तर्गतका केन्द्रीय तथा अन्य अस्पतालका श्रीमान् प्रशासकीय प्रमुखज्यूहरु ।

प्रस्तुत बिषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३२ बमोजिम गठित मन्त्रालयको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिले सिफारिस गरेका देहायका बिषयहरु कार्यान्वयन गर्नका लागि मन्त्रालयका महाशाखाहरु र यस मन्त्रालयसग सम्बन्धित निकायहरुलाई लखि पठाउने भनि मिति २०८१।११।२५ को सचिवस्तरको निर्णय अनुसार अनुरोध छ ।
तपसिल ;

१ नेपाल सरकारबाट सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ जारी भएको सन्दर्भमा मन्त्रालय र मन्त्रालय अन्तर्गतका विभागहरु र प्रतिष्ठान तथा अस्पतालहरुबाट उक्त निर्देशिकाको व्यवस्थाहरु कडाईका साथ पालना गर्ने

२ मन्त्रालय र अन्तर्गतका विभागहरु र अन्य निकायबाट हुने अनुगमनको कार्यलाई अझै बढी मितव्ययी र प्रभावकारी हुने गरी देहाय बमोजिम व्यवस्था गर्ने

२.१ फिल्डमा नगई नहुने अवस्थामा बाहेक सामान्य अवस्थाम अनुगमन कार्यमा कर्मचारी नखटाउने

२.२ अनुगमन तथा भ्रमण कार्यमा जाने समूह चुस्त दुरुस्त बनाउने,

२.३ अनुगमन तथा अन्य कार्यक्रममा भ्रमणमा जाँदा मितव्ययी भ्रमण साधन प्रयोग गर्ने,

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

आर्थिक प्रशासन शाखा

पान नं. | २ | ० | १ | ३ | ६ | ७ | ० | ५ | २ |

फोनः ०१४२६२७०६

पत्र संख्याः २०८१।८२

रामशाहपथ,

चलानी नं.

काठमाडौं, नेपाल।

२.४ एकीकृत अनुगमन प्रणालीको स्थापना गरी विशेष अवस्थामा बाहेक कार्यक्रम कार्यान्विनयको अनुगमन गर्दा एकपटकमा सकेसम्म अधिक निकाय वा आयोजनाको अनुगमन सम्पन्न गर्ने गरी अनुगमनको व्यवस्था मिलाउने।

२.५ अर्थ मन्त्रालयको चलानी नम्वर ४५० मिति २०८१।११।५ को पत्रको सन्दर्भमा SMT वाट मिति २०८१।११।५ मा भएको निर्णको निम्न बुँदा नं ४ र ५ लाई सबै निकायले तत्काल कार्यान्वयन गर्ने ।

१. श्री अर्थ मन्त्रालयको च.नं. ४५०, मिति २०८१/१०/२८ को बजेट रोक्का सम्बन्धि पत्रानुसार खर्च शिर्षक २२५११, २२५२२, ३११२२, ३११२३, ३११३५ हरुमा विनियोजित बजेट मध्ये खर्च हुन बाँकि रहेको बजेटको २५% बजेट रोक्का रहेको हुदाँ, कार्यान्वयन गर्न बाँकि क्रियाकलापहरुमा विनियोजित बजेट मध्ये २५% बजेट खर्च नगर्ने।

२. मन्त्रालय र अन्तर्गतका निकायहरुबाट कार्यान्वयन हुन बाँकि रहेको क्रियाकलापहरुको प्रथामिकिकरण गरि, कार्यान्वयन गर्न अनिवार्य भएका (कार्यान्वयन नगरी नहुने) क्रियाकलापहरु मात्र संचालन गर्ने साथै अनिवार्य कार्यान्वयन गर्नु पर्ने र कार्यान्वयन नगर्दा पनि हुने क्रियाकलापहरुको विवरण मन्त्रालयको नीति, योजना तथा अनुगमन महाशाखामा ७ (सात) दिन भित्र पठाउने।

<u>सादर अवगतार्थ ,</u>

श्रीमान् सचिवज्यू, स्वास्थ्य तथा जनसख्या मन्त्रालय ।

*बोधार्थ ;-*

श्री सूचना तथा प्रविधि शाखा स्वास्थ्य तथा जनसख्या मन्त्रालय ।;- यो पत्र मन्त्रालयको वेवसाईटमा राखिदिन हुन अनुरोध छ ।

गोपी चन्द्र भण्डारी

उपसचिव (लेखा)